गंगादेव गाउँपालिकाको कार्यालय
दर्ता नं.: १३५८
मिति: २०७६/१/३

नेपाल सरकार
# अर्थ मन्त्रालय

नेपाल सरकार अर्थ मन्त्रालय सिंहदरबार काठमाडौं

पत्र संख्या:- ०७५/७६
च. नं.:- ८५२

सिंहदरबार, काठमाडौं
नेपाल ।

मिति: २०७५।१२।१४

विषय : आर्थिक वर्ष २०७६/०७७ मा नेपाल सरकारबाट स्थानीय तहलाई उपलब्ध गराइने राजस्व बाँडफाँट र वित्तीय समानीकरण अनुदानको अनुमानित स्रोतको विवरण पठाइएको बारे ।

श्री सुकिदह गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
रोल्पा ।

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १८ को उपदफा २ बमोजिम नेपाल सरकारले आगामी आर्थिक वर्ष २०७६।०७७ मा त्यस पालिकालाई उपलब्ध गराउने राजस्व बाँडफाँट र वित्तीय समानीकरण अनुदानको अनुमानित स्रोतको विवरण नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७५।१२।११ को बैठकको निर्णय र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७५।१२।१४ (माननीय मन्त्रीस्तर)को निर्णयानुसार पठाइएको व्यहोरा अनुरोध छ ।

| वित्तीय समानीकरण अनुदान (रु. लाखमा ) | राजस्व बाँडफाँट (रु. लाखमा ) |
|---|---|
| ८३२ | ७०४ |

अनुमानित स्रोतको बाँडफाँटका आधारहरु:

१. राजस्व बाँडफाँट र वित्तीय समानीकरण अनुदानको अनुमानित स्रोतको विवरण अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १८ को उपदफा (२) बमोजिम तयार गरिएको छ ।

२. अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५ बमोजिम एकल कर प्रशासन अन्तर्गत उठ्ने राजस्व यस अनुमानित विवरणमा समावेश गरिएको छैन ।

३. राजस्व बाँडफाँटको विवरण तयार गर्दा जनसंख्या र जनसांख्यिक विवरण, क्षेत्रफल, मानव विकास सूचकाङ्क र न्यून विकासका सूचकाङ्क तथा समानीकरण अनुदानको अनुमानित विवरण तयार गर्दा सेवा लागत सूचकाङ्क, खर्चको आवश्यकता र राजस्व क्षमता बीचको अन्तर, आर्थिक सामाजिक तथा अन्य असमानता सम्बन्धी सूचकाङ्क,मानव गरिवी सूचकाङ्क, वहुआयामिक गरिवी सूचकाङ्क र पूर्वाधार सूचकाङ्कलाई आधार लिई राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले तयार गरी सिफारिश गरेको आधारमा बाँडफाँट गरिएको छ ।

४. सशर्त अनुदानको रकम यस विवरणमा समावेश गरिएको छैन । यो अनुदान कार्यक्रमको नाम, विवरण र कार्य प्रगति अवस्थाको आधारमा पछि छुट्टै पठाइने छ ।

वित्तीय समानीकरण अनुदान अन्य अनुदान जस्तै निश्चित शर्त, आयोजना वा कार्यक्रममा आवद्ध नहुने भएपनि नेपालको संविधानको अनुसूची ८ मा स्थानीय तहको एकल अधिकारको सूचीमा रहेका कार्यहरूका लागि विनियोजन गर्नुपर्ने हुँदा यसलाई बढी उद्देश्यमूलक बनाउन तथा जुन प्रयोजनका लागि उपलब्ध गराइएको हो,

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, स.स.म. ४२११९९३, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७

नेपाल सरकार

# अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या:- ०७५/७६
च. नं.:-

सोही प्रयोजनका लागि उपयोग गर्न स्पष्ट दिशाबोध होस् भन्ने अभिप्रायले प्राप्त वित्तीय समानीकरण अनुदानबाट बजेट विनियोजन एवं खर्च गर्दा स्थानीय तहले देहाय बमोजिम प्राथमिकताक्रम निर्धारण गरी खर्च गर्नुपर्दछ।

**मार्गदर्शनहरु :**

१. नेपालको संविधानको अनुसूचीहरुमा उल्लेखित आधारभूत जिम्मेवारीमा रहने कार्य, स्थानीय सरकार संचालन ऐन, २०७४ एवं नेपाल सरकारबाट स्वीकृत कार्य विस्तृतीकरण प्रतिवेदनमा विभिन्न तहका उल्लेखित कार्यहरुमध्ये स्थानीय तहबाट सम्पादन गर्नुपर्ने देहाय बमोजिमका कार्यका लागि यथेष्ट रकम विनियोजन गरेपछि मात्र अन्य कार्यक्रम तथा आयोजनामा रकम विनियोजन गर्नुपर्ने ।

   क. आधारभूत तथा माध्यामिक शिक्षा सम्बन्धी कार्य,
   ख. आधारभूत स्वास्थ्य र सरसफाई सम्बन्धी कार्य,
   ग. कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य र सहकारी सम्बन्धी कार्य,
   घ. कृषि प्रसारको व्यवस्थापन, संञ्चालन र नियमन सम्बन्धी कार्य,
   ङ. स्थानीय खानेपानी सम्बन्धी नीति, योजना कार्यान्वयन र नियमन एवं खानेपानी सेवा व्यवस्थापन सम्बन्धी कार्य,
   च. स्थानीय साना सतह तथा भूमिगत सिंचाई प्रणालीको सञ्चालन र मर्मत-संभार सम्बन्धी कार्य,
   छ. स्थानीय तटबन्ध नदी नियन्त्रण तथा नदी व्यवस्थापन सम्बन्धी कार्य,
   ज. सामुदायिक भू-संरक्षण, स्थानीय पहिरो नियन्त्रण र व्यवस्थापन सम्बन्धी कार्य,
   झ. खेलकुद विकास र प्रवर्द्धन सम्बन्धी कार्य,
   ञ. स्थानीय यातायात व्यवस्थापन सम्बन्धी कार्य,

२. साविकमा संघीय सरकारबाट सञ्चालन हुँदै आएका तर हाल स्थानीय सरकारले निरन्तरता दिनुपर्ने भई हस्तान्तरण भई आएका कार्यक्रम तथा आयोजनाहरु ।

३. स्थानीय तहले बहन गर्नुपर्ने अनिवार्य दायित्वका विषयहरु ।

४. सामाजिक एवं आर्थिक दृष्टिले कमजोर तथा तुलनात्मकरुपमा विकासको मूलप्रवाहमा पछि परेका वर्ग वा समूहको उत्थान एवं मूलप्रवाहीकरणमा योगदान पुऱ्याउने कार्यक्रम तथा योजनाहरु ।

५. प्रशासनिक खर्चका लागि आवश्यक रकम आन्तरिक राजस्व र राजस्व बाँडफाँडबाट प्राप्त रकम मध्येबाट मात्र गर्नुपर्नेछ ।

६. समानीकरण अनुदान वापत प्राप्त रकम अध्ययन भ्रमण, वैदेशिक भ्रमण र अन्य प्रशासनिक एवं सन्चालन खर्चका लागि विनियोजन नगरी विकास निर्माणतर्फ खर्च गर्ने गरी प्राथमिकता निर्धारण गर्नुपर्नेछ ।

(खेमेन्द्र मणि घिमिरे )
शाखा अधिकृत

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, स.स.म. ४२११९९३, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७